बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

### बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्याः ८५

मितिः २०७९/१२/२३

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

गौमुखी थवाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थवाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्ति मगर | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री संगम रोका | १ नं वडा सदस्य |
| २. | श्री धन बहादुर ओली | शिक्षा अधिकृत |
| ३. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| ४. | श्री निर्धक रोका | कार्यालय सहयोगी |

**प्रस्तावः**

१. समपुरक योजना माग सम्बन्धमा।

२. विकास योजनाको प्रगिति विवरण समिक्षा सम्बन्धमा।

३. विविध।

३.१. बजेट रोक्का तथा खर्च कटौति सम्बन्धमा।

३.२. भ्याक्सिन शुल्क सम्बन्धमा।

३.३. कर्मचारी माग सम्बन्धमा।

३.४. खेलाडीहरूलाई सहयोग सम्बन्धमा।

३.५. तेलखोला झोलुङ्गे पुलको भुक्तानी सम्बन्धमा।

३.६. धरौटी सम्बन्धमा।

३.७. अल्लो कपडा बुनाई तालिम सम्बन्धमा।

**निर्णय:**

प्रस्ताव नं १ माथि छलफल गर्दा थबाङ गाउँपालिका भित्र आ.व. २०८०/०८१ मा लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान सहयोगमा सञ्चालन गर्नका लागि देहाय बमोजिमका योजना तथा कार्यक्रमहरूलाई घट्दो क्रममा प्राथमिकीकरण गरी आर्थिक मामिला मन्त्रालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो।

**तपशिल**

| क्र.सं | योजनाको नाम | स्थान | माग रकम | प्रथमिकताक्रम |
|---|---|---|---|---|
| १ | टुटु प्रजा भित्रिवन सडक | वडा नं ३ | ५०,००,०००/- | १ |
| २ | दुलिडाँडा चालाबाङ सडक | वडा नं २ | ५०,००,०००/- | २ |
| ३ | घोराबाङ गुरासैं फुन्टिबाङ सडक | वडा नं १ र ४ | ५०,००,०००/- | ३ |
| ४ | उवा वेशी दाङसगा भङरङ सडक | वडा नं ५ | ५०,००,०००/- | ४ |

प्रस्ताव नं २ माथि छलफल गर्दा थबाङ गाउँपालिका भित्र आ.व. २०७९/०८० मा नेपाल सरकार र प्रदेश सरकारका विभिन्न अनुदान सहयोग तथा पालिकाको आन्तरिक स्रोतमा सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरूको हालसम्मको प्रगति विवरणमा छलफल गरियो र आगामी दिनमा थप सुधार गर्नुपर्ने निर्णय गरियो।

प्रस्ताव नं ३ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकार (२०७९/१२/०६) को निर्णय तथा मिति २०७९/१२/०८ को पत्रानुसार प्रदेश सरकारको विभिन्न अनुदानबाट यस पालिकामा सञ्चालित सबै प्रकारका कार्यक्रमहरूको बजेट तथा खर्च २० प्रतिशतले रोक्का तथा कटौति गर्ने निर्णय गरियो।

यस थबाङ गाउँपालिकामा पशुमा फैलिरहेको स्वाइन फ्लुको भ्याक्सिन लगाउनको लागि तालिमप्राप्त जनशक्तिलाई भ्याक्सिन लगाउँदा प्रति भ्याक्सिन रु २०(अक्षरुपी वीस रुपैया मात्र) तोक्ने र त्यसबापत उठेको रकम सम्बन्धित जनशक्तिलाई नै दिने निर्णय गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८९ बमोजिम यस पालिकाका लागि नेपाल प्रशासन सेवा(सामान्य प्रशासन समूह) राजपत्र अनंकित द्वितीय श्रेणीका ७ जना कर्मचारी काजमा कामकाज गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकाबाट प्रतिनिधित्व गरी रुकुमपूर्व जिल्लाको सिस्ने गाउँपालिकामा आयोजित गाउँपालिका कपमा सहभागिता जनाउने टिम र खेलाडीलाई रु २०,०००/- (अक्षरुपी वीस हजार रुपैया मात्र) आ व २०७९/८० को विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

गत आ व २०७८/०७९ मा सम्झौता भई गत आ व मै निर्माण सम्पन्न भएको तेलखोला पुलको उठेको बिल बमोजिमको रकम उक्त आयोजना सञ्चालन गर्ने शिर्षकमा रकम नभकाले भुक्तानी हुन नसकेको र उक्त रकम यस आर्थिक वर्षको दायित्वमा पनि नसारिएकोले भुक्तानी दिन कठिनाइ उत्पन्न भएको सन्दर्भमा सम्पूर्ण विवरण खुलाई यस आ व को बजेट शीर्षक सर्जुबांग झो.पु., तेलखोला झो.पु., पुस्बांग लगन्जा झो.पु. लाकुरी बोट, दुमै खोला, वाङखोला, उवावेसी, रेउरीवाङ खर्सुवोट झो.पु.,गोल्को तेजिवाङ झो.पु., क्रवाइजवाङ मरन्ठाना झो.पु. खेरवाङ फुन्टीवाङ, मैदुङतिवाङ, थवाङ गाउँपालिका, रोल्पाबाट भुक्तानी दिने निर्णय गरियो।

यस गाउँपालिकाको उपभोक्ता समितिबाट सञ्चालन गरिने ५,००,०००/- (अक्षरुपी पाँच लाख रुपैया मात्र) भन्दा कम लागत रकमका आयोजनाहरुमा धरौटी रकम नराख्ने र सो भन्दा बढी रकमका योजनामा धरौटी रकम राख्ने निर्णय गरियो।

घरेलु तथा साना उद्योग कार्यालय, लिबाङ रोल्पाबाट मिति २०७९।१२।२१ गते प्रकाशित सूचना अनुसार अल्लो कपडा बुनाई तालिम थबाङ गाउँपालिका वडा नं १मा सञ्चालन हुने भएकाले उक्त तालिमका लागि वडा नं १ र २ का व्यक्तिहरुबाट छनौट गरी सञ्चालन गर्ने निर्णय गरियो।

गाउँपालिकाका कर्मचारीहरुको आ.व २०७९।०८० को स्वीकृत कार्यक्रम अन्तर्गत पोशाक भत्ता रकम प्रविष्टि गर्न छुटेकाले उक्त शिर्षकको रकम रु ६,००,०००/-(अक्षरुपी छ लाख रुपैया मात्र) पारिश्रमिक कर्मचारी करार शिर्षकबाट खर्च गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।